# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८१।११।०५ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादी नन्दकिशोर गुप्तासमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रतिवादी **रौतहट इशानाथ नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रतिवादी नन्दकिशोर गुप्ता**लाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूरमा रु.१,४९,९७,८६४।२० बिगो कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद तथा जरिबानाको सजाय हुन साथै निजले गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १६ ग, दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. को आधारमा कानुनबमोजिम जफत हुन र सम्पत्ति जफत गर्ने प्रयोजनार्थ मात्र साविक भ्रष्टाचार निवारण ऐन ,२०१७ को दफा १६ग,दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा २९ख बमोजिम उषा गुप्तालाई समेत प्रतिवादी कायम गरी स्रोत नखुलेको सम्पत्तिबाट बढेबढाई निजको नाममा हाल कायम रहेको सम्पत्तिहरू मध्येबाट बिगो जफत हुन,

मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले निम्न आधारमा मिति २०८०।१२।०७ को फैसलाबाट सफाई दिएको-:

- क) प्रतिवादी नन्दकिशोर गुप्ताले जग्गा खरिद गर्दा स्रोत नपुगेको भन्ने आधारमा आय घटाउन मिल्ने नदेखिंदा प्रतिवादीको जग्गा बिक्रिबाट प्राप्त आय रू. ८८,४०,०००।– कायम गरी गणना कायम हुने देखियो।
- ख) करदाता सेवा कार्यालयको पत्रबाट प्रतिवादीले जिकिर लिए बमोजिम लेखी आएको हुँदा सोही बमोजिम व्यवसायिक आय कायम हुने ।
- ग) कृषि आय सम्बन्धमा प्रतिवादी नन्दकिशोर गुप्ता सगोलमा रहँदाका बखत निजको अंश भागमा पर्ने आय गणना गर्नु नै न्यायोचित देखियो ।
- घ) प्रतिवादीले घर बहाल नतिरेको बिषयमा कानुन बमोजिम हुने नै हुँदा घर बहाल कर नतिरेको र घर बहाल सम्झौता नरहेको भन्ने आधारमा मात्र घर बहाल आय शुन्य गणना गर्नु न्यायोचित पनि हुन सक्दैन।
- ङ) उषा गुप्ता शिक्षिका भएको र शिक्षिकाले बिद्यार्थीहरूलाई ट्युसन पठाउने जिकिर स्वभाविक नै देखिएको।
- च) व्यक्तिले आफैले बनाएको घरमा १५ प्रतिशत ओभरहेड कस्ट र ५ प्रतिशत ठेक्का कर घटाई प्रतिवादीको घर निर्माण व्ययमा गणना गर्नुपर्ने देखियो ।

विशेष अदालतको उपरोक्त फैसलाउपर आयोगलाई चित्त नबुझी देहायबमोजिमका आधार लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।११।०४ मा पुनरावेदन गरिएको छः-

**देहायः**

सम्मानित बिशेष अदालतबाट निम्न आय शिर्षकहरूमा आयोगबाट लिएको दावी भन्दा फरक आय कायम गरी फैसला भएको हुँदा निम्न आयहरूमा अदालतले लिएको आधार त्रुटिपूर्ण रही बदरभागी रहेको:-

क) **जग्गा बिक्रिबाट प्राप्त आय-** प्रतिवादी नन्दकिशोर गुप्ताको जाँच अबधिमा निजले बिभिन्न जग्गा बेचेको मालपोतबाट प्राप्त रजिष्ट्रेशन पारित गरेको लिखतको आधारमा रू ६८,९१,६००।- बैध आय कायम गरिएको। सम्मानित अदालतबाट फैसला हुँदा खरिद स्रोत नपुगेको भन्ने आधारमा आय घटाउन नमिल्ने भनी प्रतिवादीको जग्गा बिक्रीबाट प्राप्त आय जम्मा रू ८८,४०,०००।- लाई जग्गा बिक्रिबाट भएको आय मानी फैसला भएको देखिएको ।सो सम्बन्धमा मिशिल संलग्न कागज प्रमाण हेर्दा प्रतिवादीको रौतहट र पर्सा जिल्लाको बिभिन्न ठाउँमा रहेको जग्गा बिक्री गरेका मध्ये उषा गुप्ताको नामको जिल्ला रौतहट गौर नं. पा. वडा नं. ७ को जग्गा कि.नं. ३६७२ क्षे.फ. ०-०-१५ जग्गा रू.८,००,०००।-मा बिक्री गरेको देखिएपनि उक्त जग्गा खरिद गर्दा शत प्रतिशत स्रोत नपुगेको हुँदा आयमा गणना नगरिएको। यस्तै उषा गुप्ताको गौर ९ मा रहेको कि.नं. ८३७ को जग्गा रू १५,००,०००।-मा बिक्री गरेको देखिएको भएपनि उक्त जग्गाको खरिद गर्दा २३.४४ प्रतिशत मात्र श्रोत पुगेकोले सोही प्रतिशतले हुन आउने रू.३,५१,६००।- लाई आयमा गणना गरिएको। प्रतिवादीले उल्लेखित जग्गाहरू बैध स्रोतबाट खरिद गरेको हो भनी प्रमाणबाट पुष्टि गर्न सकेको नदेखिएको।अन्य प्रमाणबाट पुष्टि नभएको अवस्थामा प्रतिवादीले जिकिर गरेको आधारमा मात्र आयलाई मान्याता दिन मिल्ने नदेखिएको।

ख) सम्मानति सर्बोच्च अदालतबाट "कानुनले नै सार्वजनिक पद धारण गरको मानिने राष्ट्रसेवकका साथमा रहेको सम्पत्तिको स्रोत पुष्टि गर्ने दायित्व निज उपर राखुको साथै जाँच अवधिमा खरिद गरिएका जग्गा बिक्रिबाट प्राप्त रकमलाई आय मान्न त्यस्तो जग्गा खरिदको स्रोत पनि पुष्टि गर्नु पर्ने" ***( ने.का. प. २०६९ अंक ५ नि.नं. ८८३२ नेपाल सरकार बि. खुमबहादुर खडका )*** भन्ने सिद्धान्त प्रतिपादन भएको। बढेबढाएको सम्पत्तिलाई आयको मान्यता दिदा परिणामतः त्यसको आधारभुत सम्पत्तिकै स्रोत पुष्टि हुन जाने अवस्था सृजना हुन आउछ जुन कानुन सम्मत हुन नसक्ने (ने.का.प. २०६९अंक ५ नि.नं. ८८८६) भन्ने सिद्धान्त प्रतिपादन भएको। बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानुनी हुने सम्मानित अदालतबाट सिद्धान्त प्रतिपादन भएको हुँदा हुँदै गैरकानूनी आर्जन गरेको सम्पत्तिबाट बढेबढाएको सम्पत्तिलाई समेत आय कायम गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको।

ग) **ब्यवसायिक आय-** प्रतिवादीको जाँच अवधिमा करदाता सेवा कार्यालयबाट प्राप्त विवरणको आधारमा रू.५,४०,०००।—-कायम गरिएको।प्रतिवादीले हनुमान किराना पसलबाट बार्षिक रू २,००,०००।- प्राप्त गरेको भनी आयोगमा पेस गरेको सम्पत्ति विवरण फारम र बयानमा समेत दावी लिएको। प्रतिवादीले सम्मानित अदालतमा उपस्थित भई बयान गर्दा व्यवसायिक आय मध्ये आ.ब. ०७६/०७७ सम्मको मात्र गणना गरिएको र सो पछि आ.ब.०७७\०७८ मा रू १,९६,५०४।- र आ.ब. ०७८/०७९ मा रू २,६९,३४३।- समेत गरी जम्मा रू. ४,६५,८४७।- रकम गणना गर्नु पर्छ भनी जिकिर लिएको। सम्मानित अदालतबाट समेत प्रतिवादीको जिकिर अनुसार नै रू.१०,०५,८४०।-लाई आय कायम गरेको। प्रतिवादी नन्दकिशोर गुप्ता र उषा गुप्ताले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान हनुमान किराना पसलबाट प्राप्त भएको आयको जिकिर लिन नसकेको। प्रतिवादीको व्यवसायिक आयको सम्बन्धमा करदाता सेवा कार्यालय गौरबाट प्राप्त पत्र अनुसार हनुमान किराना पसल मिति २०७४।०६।०९ मा दर्ता भएदेखि हालसम्म व्यबसायबाट प्राप्त करयोग्य आय दुईलाख रूपैयाँ देखाई आय बिवरण पेश गरेको भनी आ.ब. ०७४/०७५ देखि ०७६/७७ सम्म तीन आर्थिक बर्षको विवरण पठाएको। पछि मिति २०८०।०७।१९ गतेको पत्रमार्फत पुनः आ.ब. २०७७/०७८,२०७८/०७९ को समेत आय बिवरण पठाएको।मिति २०७९।०४।१७ गतेका दिनसम्म प्रतिवादीले आफ्नो पसलको आ.ब. २०७७/०७८,२०७८/०७९ को आय व्ययको विवरण पेश गरी कर तिरेको नदेखिएको। प्रतिवादीलाई प्रयाप्त समय दिई निज आफैले भरेको सम्पत्ति विवरणमा हनुमान किराना पसलबाट बार्षिक रू.२,००,०००।-प्राप्त भएको तथ्य उल्लेख गरेकोमा यी प्रतिवादी बिरूद्ध आरोपपत्र दायर भए पछि आफू कसूरबाट उम्मुक्ति पाउनको लागि आफूले आयोगमा बयान गरिसकेपछि मात्र गलत बिवरण भरी कर

तिरेको भन्ने करदाता सेवा कार्यालयको फरक फरक मितिको पत्रबाट समेत प्रष्ट हुन आएको। सम्मानित अदालतबाट फैसला गर्दा एउटै कार्यालयबाट फरक फरक मितिमा पठाएको प्रतिवादीको व्यवसायिक आयको विवरण के कारणले फरक पर्न गएको हो भन्ने समेत केही नबुझी प्रतिवादीको जिकिर बमोजिम आयको गणना गरिएको फैसला त्रुटिपूर्ण रहेको।

घ) **कृषि आय-** आयोगबाट प्रतिवादीको आ.ब.०६८/६९ देखि आ.ब. ०७८/०७९ सम्मको कृषि आय रू.५,७२,८०४।२७ कायम गरिएको। प्रतिवादीले अदालतमा बयान गर्दा मिति २०५१ सालदेखि नै कृषिआय गणना हुनु पर्ने जिकिर लिई कृषि आय जम्मा रू.१,३७,२५,५००।- हुने भनी जिकिर लिएको देखिएको। सम्मानित अदालतबाट फैसला हुँदा प्रतिवादीको नन्दकिशोर गुप्ताको समग्र कृषि आय रू. १४,५४,८०४।२७ कायम गरेको। उल्लेखित कृषि आय सम्बन्धमा मिशिल संलग्न कागज प्रमाण अध्ययन गर्दा प्रतिवादी निजामती कर्मचारी भएको र निजले बार्षिक रूपमा निजामती किताबखानामा भरिएको सम्पत्ति बिवरणमा कृषिबाट प्राप्त भएको आयको सम्बन्धमा उल्लेख गर्न नसकेको। प्रतिवादीले आयोगमा पेश गरेको सम्पत्ति बिवरणमा रू.८,४८,०००।–कृषि आय दावी लिएको।अदालतमा बयानको क्रममा कृषि आय गणना गर्नुपर्ने जिकिर लिएकोमा सम्मानित अदालतबाट समेत प्रतिवादीले लिएको जिकिर अनुसार बिगो अंकलाई कृषि आयको रूपमा मान्यता नदिएपनि प्रतिवादीको जिकिर भन्दा भिन्न विना आधार र कारण रू.८,८२,०००।– थप गरी जम्मा रू.१४,५४,८०४।२७ हुने ठहर गरी फैसला भएको। सम्मानित सर्बोच्च अदालतबाट नेपाल सरकार बि. केशवराज गौतमको भएको मुद्दामा"बस्तुनिष्ठ आधारबिना नै हचुवाको आधारमा लिइने दावीलाई कानुनसंगत मान्न नसकिने" ( ने.का.प. २०६९, अंक २, नि.नं. ८७७०) भन्ने सिद्धान्त प्रतिपादन भएको। निज प्रतिवादीको कृषि आय रू.५,७२,८०४।२७ भएको पुष्टि भएको अवस्थामा आधार र कारणबिना हचुवाको आधारमा बढी रकम कृषि आय गणना गरी गरेको फैसला सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकूल रही बदरभागी रहेको।

ङ) **घरभाडा आयः-** प्रतिवादी नन्दकिशोर गुप्ताको घर भाडा आय सम्बन्धमा नीजले बयानको क्रममा घरबहाल सम्झौता र घरबहाल कर तिरेको प्रमाण पेश गर्न नसकेको। प्रतिवादीले अदालतमा बयानको क्रममा घर भाडा आय सम्बन्धमा रू.१३,५०,०००।- हुने भनी जिकिर लिएको।प्रतिवादी नन्दकिशोर गुप्ताको जाँच अवधिमा रू.२०,६४,०००।–घरभाडा रहेको भनी सम्मानित अदालतबाट उक्त आयलाई प्रतिवादीको बैध आय कायम गरेको। सम्पत्ति विवरणमा प्रतिवादीले आफूले निर्माण गरेको घरबाट मासिक वा वार्षिक रूपमा यती आम्दानी हुन्छ भनी खुलाएको नदेखिएको। यसरी पछि सिर्जना गरिएको अपुष्ट भनाईलाई प्रमाण रूपमा ग्रहण गरी प्रतिवादीले जिकिर लिए भन्दा बढी घर बहाल आयलाई प्रतिवादीको बैध आय कायम गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।

**च) छात्रबृत्ति आय-ः** प्रतिवादीहरूले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा छात्रबृत्ति बापत रकम प्राप्त गरेको भनी जिकिर लिएको अवस्था नदेखिएकोमा प्रतिवादीले अदालतमा उपस्थित भई छोराले कर्मचारी सन्तती छात्रबृत्ति बापत रू.२,००,०००।-प्राप्त गरेको भन्ने जिकिर लिएको।सम्मानित अदालतबाट प्रतिवादीको जिकिर अनुसार नै आय कायम गरेको। प्रतिवादीले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा र आयोगमा पेश गरेको सम्पत्ति विवरणमा समेत उक्त आयलाई खुलाएको समेत नदेखिएको। प्रतिवादीले अदालतमा उपस्थित भई बयान गर्दा लिएको अपुष्ट बयान जिकिरलाई आधार मानी उक्त आय कायम गर्ने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

छ) **बिभिन्न भत्ता र निर्वाचन भत्ता-ः** सम्मानित अदालतबाट फैसला हुँदा निर्वाचन भत्ता रू. १,५५,२१२ र बिभिन्न भत्ता ६,०२,१३९।१५ प्रतिवादीले बयानको क्रममा जिकिर लिएको हुँदा उक्त रकमलाई प्रतिवादीको जाँच अवधिको आय कायम गरी फैसला भएको। उक्त रकम कर्मचारी मतदान स्थलमा खटिदा नै खर्च हुने रकम हो र अन्य भत्ता समेत के काम प्रयोजनको लागि उक्त भत्ता उपलब्ध गराइएको हो, उक्त कार्य गर्दा उक्त रकम खर्च भई जाने हुँदा कर्मचारीले प्राप्त गरेको उक्त रकम को ७० प्रतिशत

बचत हुन्छ भनी अनुमान गर्न मिल्ने नदेखिएको। सम्मानित सर्वोच्च अदालतबाट "खुद खर्च भै जाने विविध शीर्षकको रकमलाई आयमा समावेश गर्न कुनै कानुन र विवेकसम्मत आधार नदेखिने"( ने.का.प. २०६८ नि.नं. ८७२२ नेपाल सरकार बि. जयप्रसाद गुप्ता) भन्ने सिद्धान्त प्रतिपादन भएको। प्रतिवादीले मौकामा कुनै जिकिर लिन नसकेको खुद खर्च भएर जाने विविध शिर्षक अन्तर्गतको रकमलाई समेत प्रतिवादीको बचत मानी आय कायम गर्ने गरी भएको उक्त फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल रहेको।

ज) **ट्युशन आय-** प्रतिवादी नन्दकिशोर गुप्ताको श्रीमती उषा गुप्ताको ट्युसन आयको सम्बन्धमा मौकामा जिकिर लिन नसकेको।प्रतिवादीले ट्युसन आय हुने भनी रू ९,६०,०००।— लाई आयमा समाबेश हुनुपर्छ भनी अदालतमा जिकिर लिएको।सम्मानित अदालतबाट फैसला हुँदा जम्मा तलबको २०% रकम निजको ट्युसन आय हुने भनी फैसला भएको। प्रतिवादी नन्दकिशोर गुप्ताले निजामती कितावखानामा बार्षिक रूपमा भर्ने सम्पत्ति विवरणमा श्रीमतीको ट्युसन आय भनी भरेको नदेखिएको। आयोगमा पेश गरेको सम्पत्ति विवरणमा समेत उक्त आयको सम्बन्धमा कुनै बिबरण उल्लख गरेको नदेखिएको। जिम्मेवार पदाधिकारीले जिम्मेवार निकायमा आफैले बुझाएको विवरणबाट सृजित जिम्मेवारीबाट पन्छिन मिल्दैन"( युवराज शर्मा बि. नेपाल सरकार ०७१-NF-००२१) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको। पछि सिर्जना गरिएको अप्रमाणित मौखित रूपमा व्यक्त गरिएको कथनलाई प्रतिवादीको ट्युसन आय भएको भनी मान्यता दिई भएको फैसला प्रतिपादित सिद्धान्त प्रतिकूल रही बदरभागी रहेको।

झ) **पोशाक भत्ता-** प्रतिवादी नन्दकिशोर गुप्ताले मिति २०६५ सालदेखि पोशाक भत्ता लिएको देखिदा उक्त रकमको ३० प्रतिशत कटाई रू ७३,७५०।– प्रतिवादीको पोशाक भत्ता आयलाई मान्याता दिई उक्त आयलाई जाँच अवधिको आय कायम गरेको देखिएकोले खुद खर्च भइ जाने रकमलाई समेत प्रतिवादीको बैध आय कायम गरी गरेको उक्त फैसला बदरभागी रहेको।

ञ) **सामाजिक कार्यबाट प्राप्त आय-** प्रतिवादीले अदालतमा उषा गुप्तासँग बिवाह हुँदा टिकाटालामा रू.३,००,०००।– प्राप्त गरेको जिकिर लिएको।प्रतिवादीले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान र आयोगमा पेश गरेको सम्पत्ति विवरणमा समेत उल्लेखित रकमको जिकिर लिन नसकेको।सम्मानित अदालतमा उपस्थित भई बयान गर्दा कसूरबाट उन्मुक्ति पाउने उद्देश्यले अपुष्ट भनाई राखेको आधार लिई हचुवाको आधारमा रू.१,९०,०००।– कायम गरेको। प्रतिवादीको बैध आय कायम गरी गरेको फैसला सम्मानित सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (नेपाल सरकार बि. केशवराज गौतम ने.का.प.२०६९ अंक २ नि.नं. ८७७० ) को विपरित भई बदरभागी रहेको।

ट) **सुजाता गुप्ताको इन्टर्नसीपबाट प्राप्त आय-:** प्रतिवादी नन्दकिशोर गुप्ताले उक्त सम्पत्ति विवरणमा छोरीले इन्टर्नशिपबाट भएको आम्दानी भनी पेश गरेको नदेखिएको।प्रतिवादीले प्राप्त अधिकारी समक्ष बयान गर्दा समेत उक्त आय गरेको भन्ने जिकिर लिन नसकेको। निजको छोरीले चितवन मेडिकल कलेजबाट ईन्टनसिप गरेको छु मासिक रू.१२,५०० प्राप्त गरी रू. ६२,५००।– प्राप्त गरेकी छु भनी अपुष्ट बयान गरेको।उक्त बयानलाई पुष्टि हुने गरी मौकामा कुनै प्रमाण पेश गर्न नसकेको। सम्मानित अदालतबाट फैसला हुँदा सोही अपुष्ट बयानलाई आधार मानी गरेको फैसला त्रुटिपूर्ण रहेको।

प्रतिवादीको निम्न ब्यय शिर्षकहरूको बादी नेपाल सरकारले कायम गरेको बिगो भन्दा फरक पारी भएको फैसला निम्न आधार र कारणबाट त्रुटिपूर्ण रही बदरभागी रहेको:-

क) **घर निर्माण खर्चमा-** प्रतिवादीको घरको व्यय रू.४०,११,८२८।६३ कायम गरिएकोमा सम्मानित अदालतबाट फैसला हुँदा घर निर्माणतर्फको खर्च जम्मा रू.३१,१२,०३६।- कायम हुने भनी बिना आधार अनुमानको भरमा ब्यय कायम गरी फैसला गरेको। बिशेषज्ञले प्रतिवादीको घरको मुल्यांकन गरी सोही आधारमा प्रतिबेदन दिई उक्त प्रतिबेदनलाई सम्मानित अदालतमा उपस्थित भई बकपत्र समेत

गरिदिएकोलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाण ग्रहण गरी फैसला गर्नुपर्नेमा बिना आधार व्यय कायम गरी गरेको उक्त फैसला त्रुटिपूर्ण रहेको।

ख) **किराना पसल संचालन खर्च-:** पसल संचालन खर्च रू. ५,००,०००।–देखिएको हुँदा उक्त रकमलाई व्यय कायम गरिएको। प्रतिवादीले आयोगमा भरेको सम्पत्ति बिवरण फाराममा समेत फर्म संचालन लगानी र दर्ता गर्दा खर्च भएको कुल रकम रू ५,००,०००।–नै उल्लेख गरेको।उषा गुप्ताले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा समेत हुनमान किराना पसल संचालनको लागि रू. ५,००,०००।– लगानी खर्च लागेको हो भनी बयान गरेको।प्रतिवादी नन्दकिशोर गुप्ताले अदालतमा उपस्थित भई बयान गर्दा लगानी पुँजी विवरण ठीक छ भनी पसलमा सरसामान राख्न रू.५,००,०००।–लागेको भनी स्वीकार गरी बयान गरेको। प्रतिवादीले अदालतमा उपस्थित भई बयानमा समेत गरेको र उक्त बयानलाई मिसिल संलग्न प्रमाणबाट समेत पुष्टि भएको देखिंदा देखिंदै प्रतिवादीले रू.१,००,०००।–जिकिर लिएको भनी आधार मानी गरेको फैसला त्रुटिपूर्ण रहेको।

- **जाँच अवधिको बैंकमा भएको अन्तिम मौज्दात**:- रू.२०,५८,०३९.८० रहेको देखिई प्रतिवादीको जाँच अवधिमा उक्त रकम व्यय कायम गरी गणना गरिएको।प्रतिवादीले अदातमा बयानको क्रममा बैंक मौज्दातमा रहेको रकम एकिन रूपमा उल्लेख गर्न नसकेको। प्रतिवादीको जाँच अवधिमा स्रोत नपुगेको रकम रू.१,४९,९७,८६४।२० रूपैयाँ रहेकोमा प्रतिवादीहरू उषा गुप्ता, नन्दकिशोर गुप्ताको नाममा रहेको घरजग्गा, बिभिन्न कम्पनिको शेयर रकम मध्येबाट नपुग भएको बिगो रकम प्रतिवादीको खातामा तत्कालीन अवस्थामा बैंक मौज्दात रहेको उल्लेखित रकम २०,५८,०३९।८० मध्येबाट नन्दकिशोर गुप्ता र उषा गुप्ताको बैंकमा रहेको रु.८६,२६४.९० रकम जफत प्रयोजनको लागि मात्र दावी लिईएको।प्रतिवादीले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा उल्लेखित रू २०,५८,०३९।८० लाई अन्यथा भन्न नसकेको।सम्मानित अदालतबाट फैसला गर्दा आरोपपत्रमा उल्लेखित ब्यहोरालाई गलत अर्थ लगाई बैंक मौज्दात रू.८६,२६४।- कायम हुने देखियो भनी आधार लिई भएको फैसला त्रुटिपूर्ण रहेको।
- प्रतिवादीको जग्गा खरिद, घर निर्माण,बित्तिय सस्थाको कर्जा भुक्तानी, कर्मचारी संचयकोषबाट लिएको विशेष सापटी भुक्तानी, शैक्षिक खर्च, सवारी साधन खर्च, ब्यक्तिगत सापटी भुक्तानी, शेयर खरिद खर्च, किराना पसल दर्ता तथा संचालन खर्च, आयकर चुक्ता, पूँजिगत लाभ कर, जाँचवधिको अन्तिम मौज्जात समेतबाट प्रतिवादीको समग्र ब्यय रू.३,४६,८०,४०२।- भएको पुष्टि हुँदा हुँदै मिशिल संलग्ग समग्र प्रमाणको उचित मुल्यांकन नगरी एवं सम्मानित सर्बोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी आयोगबाट कायम गरिएको ब्यय भन्दा कम ब्यय कायम गरी भएको फैसला बदरभागी रहेको।

सहायक प्रवक्ता

देवी प्रसाद थपलिया